काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८१ ❐ बिहीवार, ७ साउन, २०८३ ❐ Thursday, 23 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा डेङ्गुको बढ्दो जोखिम

एक वर्षमै करिब चार हजार संक्रमित

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ साउन

कर्णाली प्रदेशमा जलवायु परिवर्तन, तापक्रम वृद्धि र तीव्र शहरीकरणसँगै डेङ्गु संक्रमणको जोखिम उल्लेखनीय रूपमा बढ्दै गएको छ। पछिल्लो एक वर्षको तथ्याङ्कले प्रदेशमा डेङ्गु संक्रमणले नयाँ चुनौती थपिएको देखाएको छ। स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेशका अनुसार आर्थिक वर्ष २०८२/०८३ को साउनदेखि असार मसान्तसम्म प्रदेशभर ३ हजार ९ सय ७९ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ। यो संख्या अघिल्ला वर्षहरूको तुलनामा निकै उच्च हो। यसमा सबैभन्दा बढी प्रभावित जिल्ला सुर्खेत बनेको छ। प्रदेशका कुल संक्रमितमध्ये ३ हजार ५ सय ४२ जना सुर्खेतका मात्रै रहेका छन्। यसले कर्णालीको राजधानी वीरेन्द्रनगर तथा आसपासका क्षेत्रमा डेङ्गुको संक्रमण तीव्र रूपमा फैलिएको स्पष्ट देखाउँछ। निर्देशनालयका अनुसार रुकुम पश्चिममा ३ सय ५७, दैलेख र सल्यानमा २८/२८, कालिकोटमा ९, मुगुमा ४, जुम्ला र डोल्पामा ३/३ तथा हुम्लामा २ जनामा संक्रमण पुष्टि भएको छ। निर्देशनालयका अनुसार डेङ्गु पहिले मुख्यत् तराई तथा गर्मी क्षेत्रको रोग मानिन्थ्यो। तर पछिल्ला केही वर्षयता जलवायु परिवर्तनका कारण तापक्रम बढ्दै जाँदा एडिज जातका लामखुट्टे हिमाली र उच्च पहाडी क्षेत्रमा समेत सहज रूपमा बाँच्न थालेका छन्। यही कारणले पहिले संक्रमण नदेखिएका जिल्लाहरूमा समेत डेङ्गु फैलिन थालेको हो। स्वास्थ्य सेवा निर्देशनालयका अनुसार अहिलेको अवस्था सामान्य मान्न मिल्दैन। समयमै नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न नसकिए आगामी वर्षहरूमा संक्रमण अझ बढ्न सक्ने जोखिम रहेको उनीहरूको भनाइ छ।



लार्भा नष्ट अभियानलाई प्राथमिकता

डेङ्गु नियन्त्रणका लागि प्रदेशभर स्थानीय तहसँगको सहकार्यमा विभिन्न अभियान सञ्चालन भइरहेका छन। जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका सरुवा रोग फोकल पर्सन उदय थापाका अनुसार लामखुट्टेको प्रजनन रोक्नु नै संक्रमण नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय भएकाले “सफा शुक्रबार“ अभियानलाई निरन्तर सञ्चालन गरिएको छ। उनका अनुसार प्रत्येक शुक्रबार सरकारी कार्यालय, विद्यालय, सार्वजनिक स्थल तथा समुदायमा पानी जम्ने स्थान खोज्ने, लामखुट्टेका लार्भा नष्ट गर्ने तथा सरसफाइ गर्ने अभियान सञ्चालन भइरहेको छ।

उनले घर वरपरका गमला, पुराना टायर, खाली ड्रम, बाल्टिन, कुलर, छतमा पानी जम्ने स्थान तथा अन्य भाँडाकुँडामा लामो समयसम्म पानी नराख्न आग्रह गरेका छन्। डेङ्गु फैलाउने एडिज लामखुट्टे सफा पानीमा प्रजनन गर्ने भएकाले घरपरिसर सफा राख्नु नै सबैभन्दा प्रभावकारी रोकथाम भएको उनको भनाइ छ। स्वास्थ्यकर्मीहरूका अनुसार ज्वरो आउने, टाउको अत्यधिक दुख्ने, आँखाको पछाडि दुखाइ हुने, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा देखिने जस्ता लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा पुग्नुपर्ने हुन्छ। समयमा उपचार नपाउँदा डेङ्गुले जटिल रूप लिन सक्ने भएकाले स्वयं औषधि सेवन नगरी चिकित्सकको सल्लाह लिनुपर्ने उनीहरूको सुझाव छ।

मानसिक स्वास्थ्य पनि गम्भीर चुनौती

यसैबीच कर्णालीमा शारीरिक रोगसँगै मानसिक स्वास्थ्यसम्बन्धी समस्या पनि बढ्दो चिन्ताको विषय बनेको छ।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतले आयोजना गरेको सरोकारवाला तथा पत्रकारबीचको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले पछिल्लो समय मानसिक रोग, तनाव तथा मनोसामाजिक समस्यामा उल्लेखनीय वृद्धि भएको बताएका छन्।

कार्यक्रममा सहभागीहरूले आत्महत्या, आत्मदाहजस्ता दुःखद घटनाहरू बढ्दै जानुले मानसिक स्वास्थ्यलाई अब स्वास्थ्य नीतिको केन्द्रमा राख्नुपर्ने आवश्यकता औंलयाए सामाजिक विकास मन्त्रालय, स्वास्थ्य महाशाखाका आयुर्वेद चिकित्सक डा. शंकर रिजालले मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवासँग एकीकृत गरेर समुदायसम्म पुऱ्याउनुपर्नेमा जोड दिए।

उनका अनुसार मानसिक समस्या लुकाउने प्रवृत्तिले अवस्था झन् जटिल बनाइरहेको छ। उनले मानसिक स्वास्थ्यसम्बन्धी समस्या पनि अन्य शारीरिक रोगसरह उपचारयोग्य भएकाले समयमै परामर्श र उपचार लिनुपर्ने बताए जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका प्रमुख करुणा भट्टराईले समुदायस्तरमै पुगेर मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्यसम्बन्धी सचेतना तथा जोखिम समूहको पहिचान गर्ने कार्यक्रम सञ्चालन गरिने जानकारी दिइन्।

उनका अनुसार विद्यालय, समुदाय, महिला समूह तथा स्थानीय तहसँग समन्वय गरेर मानसिक स्वास्थ्यसम्बन्धी सेवा विस्तार गर्ने योजना अघि बढाइएको छ।

दुई चुनौतीसँग एकैपटक जुध्दै कर्णाली

एकातिर डेङ्गु संक्रमण तीव्र रूपमा फैलिँदै जानु र अर्कोतर्फ मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै जानुले कर्णाली प्रदेशको सार्वजनिक स्वास्थ्य क्षेत्र नयाँ चुनौतीको सामना गरिरहेको छ।

स्वास्थ्य विज्ञहरूका अनुसार डेङ्गु नियन्त्रणका लागि समुदायको सक्रिय सहभागिता, नियमित सरसफाइ र लामखुट्टेको प्रजनन नियन्त्रण अपरिहार्य छ। त्यस्तै मानसिक स्वास्थ्यका लागि सचेतना, परामर्श सेवा विस्तार, सामाजिक समर्थन र सहज उपचार पहुँच सुनिश्चित गर्न आवश्यक छ।

पछिल्लो समय सरकारले मानसिक स्वास्थ्यलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउने तयारी गरिरहेको छ भने डेङ्गु नियन्त्रणका लागि पनि स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीच समन्वयात्मक अभियानलाई अझ प्रभावकारी बनाउने योजना अघि सारेको छ।

‘बरु मर्न तयार भइन्छ, सिद्धान्तलाई तिलाञ्जली दिएर समर्पण गर्दैनौं’



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ साउन

नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्काले पार्टी एक हुन नसक्ने कुरा आएको बताएका छन्। इतर पक्षले काठमाडौंमा गरेको भेलालाई सम्बोधन गर्दै विभिन्न माध्यमबाट मिल्ने सम्भावना कमजोर हुँदै गएका कुरा आएको बताए।

सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्मासँग पटक पटक वार्ता गर्दा समेत सहमति नभएको बताए। उनले कसैलाई पद दिएर पार्टी एकता नहुने बताए।

उनले १४ औं महाधिवेशनबाट आएको केन्द्रीय समिति र विशेष महाधिवेशनलाई मर्ज गर्नुपर्ने बताए।

उनले भने, ‘हामीले १४ औं महाधिवेशनबाट आएको कार्यसमितिलाई समायोजन गर्नुस् भनेका हौं। कुनै पदको बार्गेनिङ गरेका होइनौं। कसैलाई पदको आकांक्षा छैन।’

उनले अन्तिम बेलासम्म एकतामा लाग्ने बताउँदै उनले भने, ‘सम्मान, स्वाभिमान समाप्त पारेर, पार्टीको सिद्धान्तलाई तिलाञ्जली दिएर कसैसँग समर्पण गर्न सकिँदैन, बरु मर्न तयार भइन्छ।’

उनले पार्टी एकताको जिम्मेवारी पार्टी सभापतिकै भएको बताए।

गाउँपालिकाकी पूर्वउपाध्यक्षसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ साउन



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कालीकोटको पलाँता गाउँपालिकामा सडक निर्माणका क्रममा भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीसहित १० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०७५/०७६ मा ‘बेलकेढुङ्गा-लेखनवाडा वडा कार्यालय-दुर्सी पागोटी’ सडक निर्माणका लागि विनियोजित बजेटमा अनियमितता भएको भन्दै अख्तियारले सोमबार आरोपपत्र दायर गरेको हो।

४० लाख रुपैयाँ बजेट विनियोजन भएको उक्त सडक योजनामा १,२०० घनमिटर ग्याभिन जाली भर्ने कार्य भएको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार पारिएको थियो। सोही प्रतिवेदनका आधारमा गाउँपालिकाले उपभोक्ता समितिलाई ३८ लाख रूपैयाँ भुक्तानी समेत दिइएको थियो।

तर, अख्तियारको प्राविधिक टोलीले स्थलगत नापजाँच गर्दा फिल्डमा जम्मा ९३९.५० घनमिटर मात्र काम भएको पाइएको थियो। प्रतिवेदनमा उल्लेख भएभन्दा २६०.५० घनमिटर कम काम गरी झुटो बिल भरपाई बनाएर ८ लाख ८ हजार ६८० रुपैयाँ ५७ पैसा बढी बाँकी पृष्ठ २

अब हरेक दिन एक जनालाई सरकारले दिनेछ १ लाख उपहार

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ साउन

खरिदबिक्रीमा बिल लिने र दिने संस्कृतिको विकास गर्न सरकारले ‘करदाता प्रोत्साहन उपहार कार्यक्रम’ सञ्चालनको तयारी गरेको छ।

चालू आर्थिक वर्षको बजेटमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वस्तु वा सेवाको खरिदबिक्रीमा बीजक लिने दिने संस्कृतिको प्रोत्साहन गर्न लट्रीजस्ता आकर्षक कार्यक्रम सुरू गरिने घोषणा गरेका थिए।

बजेटमा आएको सोही कार्यक्रम कार्यान्वयन गर्न अर्थ मन्त्रालयले ‘करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि-२०८३’ बनाएर सार्वजनिक गरेको हो। यसअनुसार सरकारले हरेक दिन एक जना उपभोक्तालाई विजेता घोषणा गर्ने बताएको छ। उपहार योजनामा विजेता भएका एक जना उपभोक्ताले १ लाख ३३ हजार ३३४ रुपैयाँ उपहार पाउनेछन्। उक्त रकममा आकस्मिक लाभबापतको २५ प्रतिशत कट्टीपश्चात् उपभोक्ताको हातमा १ लाख रुपैयाँ पर्ने कार्यविधिमा उल्लेख छ।



आन्तरिक राजस्व विभागले हरेक महिनाको १ गते र १६ गते विजेता उपभोक्ता योजना छनौट गर्ने कार्यविधि बनाएको छ।

हरेक महिनाको १ गते विजेता उपभोक्ता छनौट गर्दा अघिल्लो महिनाको १६ गतेदेखि मसान्तसम्ममा भएको कारोबार विभागले तोकेको प्रणालीमा प्रविष्ट गर्ने उपभोक्ताबाट विजेता छनौट हुनेछन्। त्यसैगरी, १६ गते विजेता छनौट गर्दा सोही महिनाको १ गतेदेखि १५ गतेसम्म कारोबार भएको विवरण प्रणालीमा प्रविष्ट गर्ने उपभोक्तामध्येबाट विजेता छनौट हुनेछ। उदाहरणको लागि, साउन महिनामा ३१ दिन छ। भदौ १ गते विजेता छनौट गर्दा साउनको १६ देखि ३१ गतेसम्म भएको कारोबारको आधारमा १६ जना विजेता छनौट हुनेछन्। किनभने, साउन महिना ३१ दिनको भएकाले कारोबार दिन १६ हुन्छ।

यसरी १६ जनाले एक-एक लाख रुपैयाँ उपहार पाउँछन्।

त्यतिमात्रै होइन, १५ दिनको कारोबारमा प्रविष्ट भएको सबै बिललाई एउटै डालोमा राखेर त्यसमध्ये एक जनालाई पाक्षिक विजेता समेत छनौट गरिनेछ।

यसरी पाक्षिक विजेता बनेको व्यक्तिले भने १० लाख रुपैयाँ उपहार पाउँछन्। यसमा २५ प्रतिशत करकट्टी गर्दा विजेताको हातमा ७ लाख ५० हजार रुपैयाँ पर्छ। १६ गते हुने विजेता छनौट पनि यही प्रक्रियाअनुसार हुनेछ।

यसरी हरेक दिनको कारोबारको आधारमा महिनामा ३० जना र पाक्षिक विजेता दुई जना गरेर ३२ जनाले उपहार पाउँछन्। वर्षभरमा दैनिक कारोबारको आधारमा बाँकी पृष्ठ २

सम्पादकीय

बुलबुले बचाऔं, सुर्खेतको पहिचान जोगाऔं

सुर्खेत भन्नेबित्तिकै नेपालीको मनमा सबैभन्दा पहिले झल्किने नाम हो । बुलबुले, यो केवल एउटा ताल वा उद्यान होइन, यो कर्णालीको सांस्कृतिक चिनारी, प्राकृतिक सम्पदा र पर्यटनको प्रतीक हो । लोकगीतमा अमर बनेको बुलबुलेले दशकौंदेखि सुर्खेतलाई राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय स्तरसम्म परिचित गराएको छ । तर आज यही ऐतिहासिक सम्पदा आफ्नै अस्तित्वको संकटसँग जुधिरहेको छ । बुलबुलेको वास्तविक पहिचान जमिनमुनिबाट स्वतः निस्कने प्राकृतिक पानी र त्यसबाट निरन्तर बग्ने ऐतिहासिक ढुङ्गेधाराहरू थिए । आज ती धाराहरू वर्षायाममै सुक्नु सामान्य घटना होइन, यो प्रकृतिको गम्भीर चेतावनी हो । यदि बुलबुलेको मूल स्रोत नै हरायो भने बाँकी रहने केवल कंक्रीटका संरचना मात्र हुन्, बुलबुलेको आत्मा होइन ।

विकास आवश्यक छ, तर प्रकृतिको मूल्य चुकाएर गरिने विकास दीगो हुँदैन । सौन्दर्यीकरणका नाममा संरचना निर्माण गर्नु वा नयाँ ताल विस्तार गर्नु गलत होइन । तर त्यसअघि पर्याप्त भूगर्भीय अध्ययन, वातावरणीय प्रभाव मूल्यांकन र प्राकृतिक जलस्रोतको वैज्ञानिक परीक्षण हुनुपर्थ्यो । अहिले पानीको स्रोत मोडिएको आशंका, सयौं रूख कटान र जैविक विविधतामा परेको असरले सम्बन्धित निकायको योजनामाथि गम्भीर प्रश्न उठाएको छ । बुलबुले वीरेन्द्रनगर नगरपालिकाको प्रमुख आम्दानीको स्रोत पनि हो। वार्षिक करोडौं रूपैयाँ राजस्व दिने यस पर्यटकीय स्थलमा आज पर्यटकहरू सुक्खा धारा हेरेर फर्किन बाध्य छन् । यसले केवल पर्यटनलाई होइन, सुर्खेतको पहिचान र स्थानीय अर्थतन्त्रलाई समेत असर पार्ने निश्चित छ ।

अब दोषारोपण गर्ने समय होइन, समाधान खोज्ने समय हो । प्राकृतिक मूल किन सुक्यो भन्ने विषयमा स्वतन्त्र विज्ञ टोलीमार्फत तत्काल वैज्ञानिक अध्ययन हुनुपर्छ । यदि निर्माणका कारण पानीको स्रोत डाइभर्ट भएको हो भने त्यसलाई पूर्वअवस्थामा फर्काउने प्राविधिक उपाय तत्काल लागू गरिनुपर्छ । बुलबुलेको संरक्षण कुनै एक कार्यालय वा स्थानीय सरकारको मात्र जिम्मेवारी होइन; यो कर्णालीकै साझा सम्पदाको संरक्षणको विषय हो । बुलबुलेको पानी सुकेको छ, तर त्यससँगै सुर्खेतको पहिचान पनि सुक्न दिनु हुँदैन । इतिहासले दिएको सम्पदा जोगाउनु आजको पुस्ताको दायित्व हो । यदि अहिले पनि संवेदनशील भएर कदम चालिएन भने भोलिका पुस्ताले लोकगीतमा गुञ्जिएको बुलबुलेको कथा मात्र सुन्नेछन्, वास्तविक बुलबुले देख्न पाउने छैनन् । त्यसैले अब विकास र संरक्षणबीचको सन्तुलन कायम गर्दै बुलबुलेको प्राकृतिक अस्तित्व जोगाउने निर्णायक पहल तत्काल सुरू गरिनुपर्छ ।

सत्ताको नयाँ अभ्यास कि विकृत राजनीतिको पुनरावृत्ति ?



✍ सम्झना वाग्ले भट्टराई

गाउँमा एक दुष्ट मानिस थिए। बाटोमा बसेर गाउँलेसँग ज्यादै नमिठो बोल्थे, अभद्र व्यवहार गर्थे । उनको दुर्वचनले अधिकांश गाउँले दिक्क थिए । कोही मानिस उनको नजिक पर्न चाहन्थे । जीवनभर अरुलाई नमिठो बोलेर गाउँ टोलमा बद्नाम ती व्यक्ति समयक्रममा वृद्ध हुँदै गए । मृत्यु शय्यामा पुग्नै लाग्दा उनलाई आफ्नै विगतसँग पछुतो लाग्न थाल्यो । तब उनले छोराहरूलाई बोलाएर भने- हेर, गाउँमा म ज्यादै बद्नाम छु । अब तिमीहरूले जे गरेर हुन्छ, जसरी हुन्छ, गाउँलेहरूले मलाई राम्रो मान्छे भनुन्, तिमीहरूले त्यस्तो काम गर्नु । केही समयपछि ती व्यक्तिको मृत्यु भयो । मृत्यु शय्यामा रहेका बाबुको चाहना पूरा गर्नु छोराहरूले कर्तव्य ठाने । अब के गर्ने त ? त्यसपछि छोराहरूको दैनिकी फेरियो । उनीहरू पनि बाबुजस्तै बाटोमा बस्न थाले । बाबुले गाउँले र बटुवासँग दुर्वाच्य बोल्थे । तर, छोराहरू गाउँले तथा बटुवालाई दुर्वाच्य बोल्नुका साथै लखेट्ने, पिट्ने तथा दुङ्गाले हान्नेजस्ता क्रियाकलाप गर्न थाले । उनीहरूको दुर्व्यहारले गाउँलेहरू आजित बने र भन्न थाले । यी छोराहरूभन्दा त बरु ती बाबु नै राम्रा मान्छे थिए । यसरी छोराहरूले कुख्यात बाबुलाई पनि गाउँलेहरूले 'राम्रा मान्छे' भन्न बाध्य पारे ।

निकट विगत

अतिराजनीतिकरणले देशका हरेक क्षेत्र अस्तव्यस्त थियो । शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्र, उद्योग-व्यवसाय, सार्वजनिक प्रशासन, न्याय प्रशासन, विकास निर्माणजस्ता सबै क्षेत्र अतिराजनीतिको संक्रमणले ग्रस्त थिए । आमजनता आजित थिए, निराश थिए, असन्तुष्टि चरम अवस्थामा थियो, एउटा विष्फोटको सन्निकटता विद्यमान थियो । यसको पूर्वाभास धेरैले गरेका थिए । नेपाली कांग्रेसका नेता तथा तत्कालीन महामन्त्री (वर्तमान सभापति) गगनकुमार थापाले त संसद बैठकमा तथा सार्वजनिक मञ्चहरूमा पनि यसबारे सचेत गराएका नै थिए । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को पनि त्यस्तै अभिव्यक्ति सार्वजनिक भइरहन्थ्यो । तर, सरकारको नेतृत्वमा रहेकाले त्यसको भेउ नै पाएनन् । परिणाम २३ र २४ भदौमा देखियो । त्यसो त २३ र २४ भदौमा जे भयो त्यसको अग्रभागमा देखिएको तथा पृष्ठभूमिमा भएको के थियो भन्ने विषयमा छुट्टै बहस गर्न सकिएला, तर त्यसपछि के-के भयो त्यो हामीसामु छँदै छ । चुनावको आसपासमा म आफ्नै काम विशेषले तनहुँ, कास्की, चितवन, नवलपरासी जिल्लाका केही ठाउँहरू पुगेकी थिएँ । मसँग कुरा भएका अधिकांश व्यक्तिहरू परिवर्तनको पक्षमा थिए । यदि 'नयाँ' आए भने विकृत राजनीतिले थिलोथिलो पारेको समाजले केही त्राण पाउने उनीहरूको अपेक्षा थियो । चुनावी नतिजाले पनि आममान्छेको त्यो अभिमतलाई पुष्टि गऱ्यो । कति नयाँ र कतिपय रङ पोतेर नयाँ देखिएकाहरू सत्तामा आए, शासन व्यवस्था हामीसामु छँदै छ । गएको जेठ/असार महिनामा म सिन्धुपाल्चोक, बारा, पर्सा, चितवन, तनहुँ, लमजुङलगायतका जिल्लाका केही स्थानहरू पुगेँ । मसँग कुराकानी गरेका अधिकांश व्यक्तिहरूले नयाँ सरकारको कार्यशैलीसँग असन्तुष्ट र मोहभङ्ग भएको बताएका थिए । 'भुङ्नोबाट उछिट्टिएर तावामा' परेको हो कि भन्ने उनीहरूको भनाइ थियो । विकृत अभ्यासको अन्त्य कि इतिहासको पुनरावृत्ति ?

नयाँ सरकार बनेको तीन महिना मात्र भएको छ । प्रणालीहरू बिग्रिएर भद्रगोल भएको अवस्थामा 'तीन महिनाकै समयमा सरकारले परिणाम देखिनेगरी कार्य गर्न सकेन' भन्नु न्यायोचित त हुँदैन । तर, नयाँ पार्टी, सरकारका केही निर्णय र गतिविधि हेर्दा प्रश्न गर्ने ठाउँहरू प्रशस्त देखिन्छन् । गणेश नेपालीले आत्मदाह गरेपछि मिडिया तथा सामाजिक सञ्जालहरू एक किसिमले तरङ्गित भए, जुन स्वाभाविक थियो । मिडियाहरूमा २०७९ सालमा भएको प्रेम आचार्यको आत्मदाहसँग तुलना गरेर विश्लेषणहरू आए । तर, सरकार अनौठोसँग प्रतिक्रियात्मक देखियो । मिडिया हाउसका कार्यालय तथा सडकमा जुन किसिमको सरकार निर्देशित अराजकता देखियो त्यसले सरकारको कार्यशैलीमाथि प्रश्न गर्न आधारहरू दियो । यसै विषयमा संसदमा गृहमन्त्रीको जवाफ गैरजिम्मेवार त थियो नै त्यसमाथि सरकारपक्षका सांसदहरूको प्रतिक्रियाले आशा गरिएका व्यक्तिहरू पनि कसरी विवेक बन्धकी राखेर 'सत्ताको दास' बन्दा रहेछन् भन्ने छरपष्ट भयो । यसमा उल्लेख गरिएका ती 'आशालाग्दा व्यक्ति'हरूमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही सांसदहरू जो उदण्डताको सीमाभन्दा पर गएर हरेक विषयमा छुद्रता र अंहकार प्रदर्शन गर्छन्, उनीहरूबारे होइन भनी स्वःघोषणा गरेकी छु । आर्थिक रूपले विपन्न तथा सामाजिक रूपमा सबैभन्दा तल्लो तहमा पारिएका व्यक्ति तथा परिवारलाई सरकारको आवश्यकता सबैभन्दा बढी हुन्छ । तर, सुकुम्बासी व्यवस्थापनको नाममा सरकारले जे गऱ्यो तथा गरिरहेको छ, त्यसले समाजको पिँधमा रहेका जनताको सरकारप्रतिको अविश्वास बढाउन थालेको देखिन्छ । सुकुम्बासी व्यवस्थापनको नाममा भएका गतिविधिमा उनीहरूले रास्वपाका सभापतिले चुनावी सभाहरूमा गरेका वाचाहरू अवश्य सम्झे होलान् । जब नयाँ सरकार र सरकार निर्माताहरूको अनुहार पुराना सत्ताधारीसँग झण्डै मिलेको र अझै उदण्ड देखियो तब 'नयाँ'का चुनावी सम्बोधनहरू पनि 'फगत वाचा मात्र रहेछन्' भन्ने महसुस भयो होला । त्यति मात्र होइन, जब सुकुम्बासी व्यवस्थापनमा सरकारको असंवेदनशील व्यवहार देखियो तब समाजको पिँधमा रहेका व्यक्ति तथा परिवारले 'सडक व्यापारीलाई लखेटिरहेका क्रुर महानगर प्रहरी र तत्कालीन मेयरको अनुहार' सम्झे होलान् । तब टेक्ने ठाउँ न समाउने हाँगो भएका कमजोर धरातलमा उभिएका ती जनताको विश्वास 'नयाँ'सँग पनि टुट्न थाल्यो ।

शंकासहित आशा राख्नेहरूका दृष्टिमा

अभूतपूर्ण ध्वंस र रक्तपातपूर्ण अन्योलतापछि भएको परिवर्तनपश्चात् आममान्छेका आशा पहिलेका नराम्राहरूको पुनरावृत्ति नहोस् भन्ने थियो । तर, संकेतहरू स्पष्ट देखिएका छैनन् । खै कस्तो बाध्यताले हो, अध्यादेशहरू पटक-पटक जारी हुँदै छन् । महत्त्वपूर्ण पदहरूमा भएका नियुक्तिहरूमा न मापदण्ड बनाइए न प्रक्रिया पारदर्शी । नियुक्ति दिनेलाई मात्र 'योग्य' लागेर त हुँदैन नि, विधि र प्रक्रिया परदर्शी भए पो स्वीकार्यता फराकिलो हुन्छ । अधिकांश नियुक्तिमा व्यक्ति त फेरिए तर प्रवृत्ति त फेरिएन । हाम्रो अपेक्षा त यस्ता नियुक्तिहरूमा विधि प्रणाली स्थापित होस् भन्ने थियो जुन भएको देखिँदैन । त्यस्तै, नेपालको शासकीय क्षेत्रको एक महत्त्वपूर्ण उपलब्धि सार्वजनिक क्षेत्रको समावेशी चरित्र हो ।

सार्वजनिक क्षेत्रमा लैङ्गिक तथा विभिन्न जातजाति तथा क्षेत्रको प्रतिनिधित्वले सार्वजनिक क्षेत्रको कलेवर मात्र सुन्दर बनाएको छैन, कार्य सम्पादनमा पनि निख्खरता बढाउँदै लगेको छ । तर, वर्तमान सरकारबाट भएका नियुक्तिहरूमा समावेशीताको मर्मलाई पूरै बेवास्ता गरिएको छ । उदाहरणका लागि केहीअघि मात्र सरकारले विभिन्न आठ विश्वविद्यालयमामा उपकुलपति नियुक्त गरेको छ, जसमा एक जना पनि महिला छैनन् । त्यस्तै, सांसदहरूलाई स्वकीय सचिव राख्ने व्यवस्थाको निर्णयलाई पनि आममान्छेले वर्तमान सरकारको बोली र व्यवहारबीचको फरकको रूपमा बुझेका छन् ।

बाटो अल्मलिएको बजेट

बजेट सरकारी आयव्ययको प्राविधिक विषय मात्र होइन, यो त व्यक्ति, परिवार तथा समाजले सरकार चियाउने आँखीझ्याल पनि हो । बजेटले सरकारको सोच, प्राथमिकता, नीति र नागरिकप्रतिको उत्तरदायित्वलाई पनि प्रतिविम्बित गर्छ । विद्वान् अर्थमन्त्रीले भने जस्तै के बजेट अर्थतन्त्रको स्वरूप फर्ने र उत्पादनमुखी अर्थतन्त्रको लागि पत्यारिलो नीतिगत उपकरण बन्ने किसिमले आएको छ त ? छैन, केही उदाहरण हर्नौं । बजेटमा उत्पादन क्षेत्रको उत्पादकत्व बढाउनको लागि राज्यको ढुकुटीबाट कति स्रोत विनियोजन भएको छ ? कुल जनसंख्याको २० प्रतिशतभन्दा बढी रहेका गरिबीको रेखामुनि रहेका जनतालक्षित के कस्ता कार्यक्रम आएका छन् ? न्यूनतम दुई करोड रुपैयाँसम्म कृषि तथा पशुजन्य उत्पादनका लागि प्रारम्भिक पुँजी लगानी गर्ने किसानलाई ४० प्रतिशत प्रोत्साहन अनुदान घोषणा गरेको बजेटले कृषिकर्ममा संलग्न ४१ लाख ३४ हजार कृषक घरपरिवारलक्षित कस्ता कार्यक्रम ल्याएको छ ? वर्षौंदेखि कृषि कर्ममा रहेका यी किसान परिवारले के दुई करोड रुपैयाँ लगानी गर्न सक्छन् ?

भारतमा 'कक्रोच' आन्दोलनले बढायो सरकारमाथि दबाब

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ६ साउन

सामाजिक सञ्जालमा सुरु भएको व्यङ्ग्यात्मक अभियान अहिले भारतको प्रमुख युवा आन्दोलनका रूपमा विकसित भएको छ । आफूलाई 'कक्रोच'(साङ्ला) भन्ने युवाहरूले शिक्षा प्रणालीका कमजोरीविरुद्ध सुरु गरेको आन्दोलनलाई सरकारी जवाफदेहिताको व्यापक अभियानमा रूपान्तरण गरेका छन् । यसलाई प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारविरुद्ध हालका वर्षमा देखिएको सबैभन्दा उल्लेखनीय सार्वजनिक चुनौतीका रूपमा हेरिएको छ ।

अदालतको टिप्पणीबाट आन्दोलनको सुरुआत आन्दोलनको पृष्ठभूमिमा चिकित्सा कलेज तथा सरकारी सेवाका प्रवेश परीक्षामा प्रश्नपत्र चुहावटका घटनाप्रति बढ्दो जनआक्रोश रहेको छ । बारम्बार परीक्षा रद्द वा पुनः सञ्चालन गर्नुपर्दा लाखौं विद्यार्थी प्रभावित भएका छन् ।

मे महिनामा सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्तले एक सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच'सँग तुलना गरेपछि त्यसको सामाजिक सञ्जालमा व्यापक प्रतिक्रिया देखिएको थियो ।

त्यसपछि बोस्टन विश्वविद्यालयका विद्यार्थी अभिजित दिपकेले 'कक्रोच जनता पार्टी (सीजेपी)' गठन गरेका थिए । धेरै युवाले 'कक्रोच'लाई दृढता र सङ्घर्षको प्रतीकका रूपमा अपनाए ।

सामाजिक सञ्जालमार्फत अभियान तीव्र गतिमा फैलिँदै लाखौं समर्थक जोडिए । समर्थकहरूले बेरोजगारी, सीमित रोजगारीका अवसर र आर्थिक दबाबबारे सरकारको आलोचना गर्दै व्यङ्ग्यात्मक सामग्री सार्वजनिक गर्न थाले । जुनमा दिपके भारत फर्किएपछि आन्दोलन सडकमा पनि विस्तार भयो । विभिन्न सहर र विश्वविद्यालयमा विरोध प्रदर्शन आयोजना गरियो भने नयाँ दिल्लीको जन्तर-मन्तर आन्दोलनको मुख्य केन्द्र बन्यो ।

शिक्षा सुधारदेखि सरकारी जवाफदेहितासम्म आन्दोलनकारीले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहावटसँग सम्बन्धित घटनाबाट प्रभावित विद्यार्थीका परिवारलाई क्षतिपूर्तिको माग गर्दै आएका छन् । पछिल्ला दिनमा आन्दोलन शिक्षा क्षेत्रका मुद्दाभन्दा बाहिर फैलिँदै सरकारी जवाफदेहिता, युवाको भविष्य, राजनीतिक नेतृत्व, न्यायपालिका र सञ्चारमाध्यमप्रतिको अविश्वासजस्ता विषयसँग जोडिएको छ ।

विद्यार्थीसँगै विभिन्न पेसाका व्यक्ति र परिवार पनि आन्दोलनमा सहभागी भएका छन् । आयोजकका अनुसार आन्दोलन स्वयंसेवकको सहयोग र सामाजिक सञ्जालमार्फत परिचालन भइरहेको छ । सरकारसँग बढ्दो टकराव सुरुमा सरकारले आन्दोलनकारीसँग वार्ता गर्न अस्वीकार गरेको थियो ।

अब...

३६५ जना र पाक्षिक विजेता २४ जना गरी ३८९ जना विजेता बन्छन् ।

सरकारले ३६५ जनाको लागि १ लाख ३३ हजार ३३४ रुपैयाँका दरले ४ करोड ८६ लाख ६६ हजार ९१० रुपैयाँ उपहारबापत खर्च गर्छ । २४ जनाका लागि १० लाखका दरले २ करोड ४० लाख रुपैयाँ खर्च गर्छ । यसमा आकस्मिक लाभबापत २५ प्रतिशत कर कट्टी हुन्छ ।

को-को सहभागी हुन पाउँछन्?

यो उपहार कार्यक्रममा निजी प्रयोजनको लागि वस्तु तथा सेवा खरिद गर्ने अन्तिम उपभोक्ता सहभागी हुन पाउने भनिएको छ ।

अर्थ मन्त्रालयका सहसचिव एवं राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्री भन्छन्, 'स्थायी लेखा नम्बर लिएका बिक्रेताबाट खरिद गरेको सामानको बिल लिएका उपभोक्ता यो कार्यक्रममा सहभागी हुन पाउँछन् ।'

गाउँपालिकाकी...

भुक्तानी लिने-दिने कार्य गरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ ।

अख्तियारले देहायका व्यक्तिहरूलाई प्रतिवादी बनाउँदै कैद, बिगो र जरिवानाको मागदाबी गरेको छ-

१. कर्मचारीहरू: तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत राजबहादुर बम, तत्कालीन लेखा अधिकृत खिमलाल पुन, तत्कालीन सहायक लेखापाल मुनी प्रसाद प्याकुरेल, तत्कालीन सव-इन्जिनियरद्वय विनोद कुमार बम र नन्द बहादुर सिंह ।
२. जनप्रतिनिधिहरू: तत्कालीन उपाध्यक्ष दाना न्यौपाने र वडा नं. ९ का अध्यक्ष टक्कबहादुर बम ।
३. उपभोक्ता समिति: अध्यक्ष कुम्भबहादुर बम, कोषाध्यक्ष सुलक्षणा बम र सचिव कमलबहादुर बम ।

अख्तियारले उनीहरूबाट ८ लाख ८ हजार ६८० रुपैयाँ ५७ पैसा बिगो असुल उपर गर्न र कानुन बमोजिम सजाय गर्न मागदाबी लिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

पहिरोले रुकुम पश्चिमको सामुदायिक विद्यालयमा क्षति



काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, ६ साउन

लगातारको वर्षापछि गएको पहिरोले रुकुम पश्चिमको एक सामुदायिक विद्यालयमा क्षति पुऱ्याएको छ।

सानीभेरी गाउँपालिका नौ स्थित शिव आधारभूत विद्यालय, मगरराङ्जामा मंगलबार राति आएको पहिरोले विद्यालय भवनसँगै अन्य भौतिक संरचनामा क्षति पुगेपछि पठनपाठन प्रभावित बनेको हो।

विद्यालयका प्रधानाध्यापक प्रदीपकुमार खड्काका अनुसार विद्यालय भवनको पछाडिबाट आएको ठूलो पहिरोले दुई कोठे पक्की भवनमा क्षति पुऱ्याएको छ। हालै निर्माण गरिएको उक्त भवनमा पर्खाल चर्किने र संरचना जोखिममा पर्ने अवस्था सिर्जना भएको उनले बताए। पहिरोका कारण विद्यालयको दिवा खाजा कार्यक्रम सञ्चालनका लागि प्रयोग हुँदै आएको चमेना गृहसमेत पुरिएको छ। साथै पाँच सय लिटर क्षमताको पानीको ड्रम, ग्यास चुलो, भाँडा वर्तन लगायतका सामग्री पनि पहिरोले पुरेको विद्यालयले जनाएको छ।

प्रारम्भिक मूल्याङ्कन अनुसार करिब २५ लाख रुपैयाँ बराबरको क्षति भएको प्रधानाध्यापक खड्काले जानकारी दिए। नयाँ भवन प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेपछि विद्यालयले तत्कालका लागि पुरानो भवनबाट पठनपाठन सञ्चालन गरिरहेको छ।

कक्षाकोठा अभावका कारण एउटै कोठामा दुईवटा कक्षाका विद्यार्थीलाई राखेर पढाइ सञ्चालन गर्नुपरेको विद्यालयको भनाइ छ। यसले नियमित शिक्षण सिकाइमा कठिनाइ उत्पन्न भएको छ।

प्रधानाध्यापक खड्काका अनुसार विद्यालय भवनको पछाडिबाट आएको पहिरो अझै हटाइएको छैन। पहिरो पूर्ण रूपमा नहटाएसम्म क्षतिग्रस्त भवनमा विद्यार्थीलाई राख्न सुरक्षित नहुने भएकाले नयाँ भवन प्रयोगमा ल्याउन नसकिने अवस्था रहेको उनले बताए। यसबारे सानीभेरी गाउँपालिकालाई जानकारी गराइसकिएको र आवश्यक प्राविधिक मूल्याङ्कन तथा पुनःनिर्माणका लागि पहल भइरहेको उनले जानकारी दिए।

शिव आधारभूत विद्यालयमा हाल बालशिक्षादेखि कक्षा पाँच सम्म अध्यापन हुँदै आएको छ। विद्यालयमा ७३ जना विद्यार्थी अध्ययनरत छन्।

प्राकृतिक विपद्का कारण विद्यालयको भौतिक पूर्वाधारमा क्षति पुगेपछि विद्यार्थीको पठनपाठन व्यवस्थापन चुनौतीपूर्ण बनेको छ।

स्थानीयवासीले पनि विद्यालयको जोखिम न्यूनीकरण तथा क्षतिग्रस्त संरचनाको तत्काल मर्मत वा पुनर्निर्माणका लागि सम्बन्धित निकायसँग माग गरेका छन्।

आठ हजार चार सय ६८ क्विन्टल खाद्यान्न मौज्दात

काँक्रेविहार संवाददाता

हुम्ला, ६ साउन

हिमाली जिल्ला हुम्लामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडद्वारा ढुवानी अनुदानमा उपलब्ध गराइएको आठ हजार चार सय ६८ दशमलव ९९ क्विन्टल खाद्यान्न आर्थिक वर्ष २०८२/०८३ को अन्त्यसम्म मौज्दात रहेको छ।



एक वर्षभर शाखा कार्यालय, दुईवटा डिपो तथा बिक्री केन्द्रमार्फत वितरण गर्दा पनि ठूलो परिमाणमा खाद्यान्न बिक्री हुन बाँकी रहेको हो। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्ला शाखाका प्रमुख कृष्णपुन मगरका अनुसार गत आर्थिक वर्षका लागि जिल्लामा कुल २२ हजार छ सय ७३ दशमलव १७ क्विन्टल खाद्यान्नको कोटा निर्धारण गरिएको थियो यसमध्ये १४ हजार दुई सय चार दशमलव एक सय ७९ क्विन्टल खाद्यान्न बिक्री भएको छ भने बाँकी आठ हजार चार सय ६८ दशमलव ९९ क्विन्टल मौज्दात रहेको छ। कम्पनीले सुर्खेत, नेपालगञ्ज, राजापुर, धनगढी र थापाथलीबाट खाद्यान्न ढुवानी गरी हुम्ला पुऱ्याएको जनाएको छ । सडक पहुँच नभएका अधिकांश स्थानमा पैदल मार्गबाट खाद्यान्न ढुवानी गरिएको थियो।

शाखा कार्यालय सिमकोटमा सबैभन्दा बढी खाद्यान्न मौज्दात रहेको छ। वार्षिक १८ हजार तिन सय ८५ दशमलव चार सय २९ क्विन्टल कोटामध्ये हाल छ हजार चार सय ३८ दशमलव ९९ क्विन्टल खाद्यान्न गोदाममा रहेको कम्पनीले जनाएको छ।

सर्केगार्ड डिपोमा चार सय ४० क्विन्टलमध्ये चार सय २० दशमलव ५० क्विन्टल बिक्री भई १९ दशमलव ५० क्विन्टल बाँकी छ भने श्रीनगर डिपोमा एक हजार सात सय २२ दशमलव ७५ क्विन्टलमध्ये एक हजार चार सय १२ दशमलव २५ क्विन्टल बिक्री भएर तिन सय १० दशमलव ५० क्विन्टल मौज्दात रहेको छ।

खार्पुनाथ गाउँपालिकाको याङ्चु बजार बिक्री केन्द्रका लागि पठाइएको एक हजार तिन सय २५ क्विन्टल र सर्केगार्ड गाउँपालिका एकको जैर बिक्री केन्द्रका लागि पठाइएको एक सय क्विन्टल खाद्यान्न पूर्ण रूपमा बिक्री भइसकेको छ।

तर नाम्खा गाउँपालिका एक स्थित लिमी बिक्री केन्द्रका लागि ढुवानी गरिएको सात सय क्विन्टल तथा याल्वाङ बिक्री केन्द्रका लागि हालै पुऱ्याइएको एक हजार क्विन्टल खाद्यान्नको बिक्री प्रक्रिया अझै सुरु हुन बाँकी रहेको कम्पनीले जनाएको छ। शाखा प्रमुख मगरका अनुसार लिमी र याल्वाङमा खाद्यान्न हालै मात्र पुगेकाले मौज्दात देखिएको हो। स्थानीय उपभोक्तालाई चाँडै बिक्री वितरण सुरु गरिने र बाँकी खाद्यान्न क्रमिक रूपमा वितरण गरिने उनले बताए।

मुड्केचुलामा चार गाउँ प्रहरी नियुक्तिका लागि सिफारिस

काँक्रेविहार संवाददाता

डोल्पा, ६ साउन

दुर्गम हिमाली जिल्ला डोल्पाको मुड्केचुला गाउँपालिकाले गाउँ प्रहरी व्यवस्थापन कार्यविधि अनुसार गाउँ प्रहरी जवान पदका लागि चार जना उम्मेदवार नियुक्तिका लागि सिफारिस गरेको छ।

गाउँपालिकाले गाउँ प्रहरी जवान (पुरुष) र गाउँ प्रहरी जवान (महिला) पदका लागि सञ्चालन गरिएको स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती, लिखित परीक्षा तथा अन्तर्वार्ताको नतिजाका आधारमा योग्यताक्रम निर्धारण गर्दै सफल उम्मेदवारको नाम सार्वजनिक गरेको हो।

गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०७९ (प्रथम संशोधन-२०८३) बमोजिम छनोट प्रक्रिया सम्पन्न गरिएको गाउँपालिकाले जनाएको छ।

पुरुषतर्फ मुड्केचुला गाउँपालिका आठका धिराज बुढा र वडा नं. सातका निर्मल बुढामगर नियुक्तिका लागि सिफारिस भएका छन्।

वैकल्पिक उम्मेदवारमा वडा नं. पाँचका हिमराज रोकाया र वडा नं. छका रूपचन्द्र बोहोरा रहेका छन्। यस्तै महिलातर्फ वडा नं. नौकी करुणा बुढा र वडा नं. पाँचकी सुरेशा रोकाया सिफारिस भएका छन् भने वडा नं. नौकी आयुष्मा बोहोरा वैकल्पिक सूचीमा परेकी छन्।

गाउँपालिकाले साउन पाँच गते अन्तर्वार्ता सञ्चालन गरेको थियो। स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती, लिखित परीक्षा र अन्तर्वार्ताबाट प्राप्त कुल अङ्कका आधारमा अन्तिम योग्यताक्रम तयार गरी नियुक्तिका लागि सिफारिस गरिएको जनाइएको छ।

गाउँ प्रहरी पदपूर्ति समितिका संयोजक दुर्गाप्रसाद रिजाल, सदस्य तथा अस्थायी प्रहरी पोस्ट नर्कुका इन्चार्ज टेकबहादुर विक र प्रशासन शाखाका बामदेव जोशीले प्रमाणित गरेको सूचनामार्फत नतिजा सार्वजनिक गरिएको हो।

गाउँपालिकाले स्थानीय सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी, व्यवस्थित र जनउत्तरदायी बनाउन गाउँ प्रहरी परिचालनको प्रक्रिया अघि बढाएको जनाएको छ।

दुर्गम हिमाली क्षेत्रमा शान्ति सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण तथा स्थानीय तहका निर्णय कार्यान्वयनमा गाउँ प्रहरीको भूमिका महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

नाकच्यालाङ्ना नाका खुल्ने आशामा स्थानीय

काँक्रेविहार संवाददाता

मुगु, ६, साउन

उत्तरी चीनसँग सीमा जोडिएको मुगु जिल्लाको मुगुमकार्मारोङ गाउँपालिकाका स्थानीयवासी यस वर्ष पनि नाकच्यालाङ्ना सीमा नाका खुल्ने प्रतीक्षामा रहेका छन्।

नाका सञ्चालनमा आएपछि वर्षौंदेखि रोकिएको परम्परागत सीमा व्यापार पुनः सक्रिय हुने र स्थानीयको आर्थिक गतिविधिमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ।

विगतदेखि नै मुगुका मुगुगाउँ, डोल्फुगाउँ, माँग्री, छाइललगायत करान क्षेत्रका बासिन्दासँगै हुम्ला र जुम्लाका व्यापारी तथा स्थानीय नागरिकले चीनतर्फ रहेको नाकच्यालाङ्ना हाटबजारसँग व्यापारिक सम्बन्ध कायम गर्दै आएका छन्।

नाका खुल्दा दैनिक उपभोग्य वस्तुको आपूर्ति सहज हुनुका साथै स्थानीय उत्पादनको निर्यातमा समेत टेवा पुग्ने विश्वास स्थानीयको छ।

मुगुमकार्मारोङ गाउँपालिका दुईका स्थानीय तोर्ची लामाका अनुसार यस नाकामार्फत चीनबाट चिनी, घिउ, छुर्पी, चियापत्ति, लत्ताकपडा, च्याङ्ग्रा तथा भेडाको उनजस्ता सामग्री नेपाल भित्रिने गरेका छन्। त्यसैगरी



नेपालबाट स्थानीय उत्पादन तथा अन्य वस्तु चीनतर्फ निर्यात हुने परम्परा रहिआएको उनले बताए।

उनका अनुसार करिब दुई दशकअघिसम्म नाकच्यालाङ्ना नाका वर्षभरि सञ्चालनमा रहने भएकाले स्थानीयको व्यापार, रोजगारी र दैनिकी सहज थियो। तर पछिल्ला केही वर्षयता नाका वर्षमा बढीमा १५ देखी १६ दिन मात्र खुल्ने गरेकाले व्यापारिक गतिविधि सीमित हुनुका साथै स्थानीयको आयआर्जनमा प्रत्यक्ष असर परेको छ। सीमित अवधिका कारण आवश्यक सामग्री खरिद तथा स्थानीय उत्पादन बिक्री गर्नसमेत कठिनाइ हुने गरेको स्थानीयहरूको गुनासो छ।

मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाले यस वर्ष पनि नाका सञ्चालनका लागि परराष्ट्र मन्त्रालयमार्फत आवश्यक समन्वय र पहल गरिएको जानकारी दिए। उनका अनुसार सम्बन्धित निकायबाट नाका चाँडै सञ्चालन हुने आश्वासन प्राप्त भएको छ र स्थानीय व्यापारी तथा सर्वसाधारण आवश्यक तयारीका साथ प्रतीक्षामा रहेका छन्।

गत वर्ष नाकच्यालाङ्ना नाका साउन १४ गतेदेखि साउन २९ गतेसम्म १५ दिनका लागि सञ्चालन गरिएको थियो। उक्त अवधिमा स्थानीयले खाद्यान्न, लत्ताकपडा तथा अन्य आवश्यक सामग्री आयात गर्नुका साथै आफ्ना उत्पादनको बिक्री गरेका थिए। यस वर्ष पनि सोही अवधिमा वा त्यसभन्दा लामो समयका लागि नाका सञ्चालन हुने अपेक्षा गरिएको छ।

यद्यपि जिल्ला प्रशासन कार्यालय मुगुले हालसम्म नाका सञ्चालनसम्बन्धी कुनै आधिकारिक सूचना प्राप्त नभएको जनाएको छ। मुगुका सहायक प्रमुख जिल्ला अधिकारी धनकृष्ण पाण्डेले सम्बन्धित निकायबाट औपचारिक जानकारी प्राप्त भएपछि मात्र नाका सञ्चालनबारे सार्वजनिक सूचना जारी गरिने बताए। स्थानीयवासीले नाकच्यालाङ्ना नाका नियमित रूपमा सञ्चालन गर्न सके सीमावर्ती क्षेत्रको व्यापार, पर्यटन, रोजगारी तथा स्थानीय अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन्। उनीहरूले नाका सीमित अवधिका लागि मात्र नभई विगतझैं नियमित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

खडेरी पर्दा स्याउ उत्पादन घट्दो

❐ **काँक्रेविहार संवाददाता**
कालीकोट, ६ साउन

हिमाली तथा उच्च पहाडी क्षेत्रमा यस वर्ष पर्याप्त वर्षा र हिउँदमा अपेक्षित हिमपात नहुँदा कालीकोटका स्याउ किसान उत्पादन घट्ने चिन्तामा परेका छन् ।

स्याउ फुल्ने र फल विकास हुने महत्वपूर्ण समयमा पानी नपरेकाले बोटमा पर्याप्त चिस्यान नपुगेको र फलको गुणस्तरमा समेत असर देखिन थालेको किसानहरूले बताएका छन् ।

कालीकोटको तिलागुफा नगरपालिका र रास्कोट नगरपालिका जिल्लाका प्रमुख स्याउ उत्पादन क्षेत्र मानिन्छन् । तर यस वर्ष अधिकांश बर्गैंचामा अघिल्ला वर्षको तुलनामा निकै कम फल लागेको छ ।

किसानहरूका अनुसार



बोटमा फलको संख्या न्यून हुनुका साथै लागेको स्याउ पनि सानो आकारको र कम गुणस्तरीय देखिएको छ ।

रास्कोट नगरपालिका निवासी किसान हरि बरालले समयमै पानी नपरेकाले सिँचाइ सुविधा नभएका बर्गैंचामा फल पाक्नुअघि नै झर्ने समस्या बढेको बताए । उनका अनुसार लामो समयसम्म परेको खडेरीका कारण बोटमा आवश्यक चिस्यान नपुग्दा फलको आकार, स्वाद र उत्पादन तीनै पक्षमा नकारात्मक प्रभाव परेको छ । कृषकहरूका अनुसार यस वर्ष उत्पादन घट्नुको मुख्य कारण हिउँदमा पर्याप्त हिमपात नहुनु र बर्खामा समेत आवश्यक वर्षा नपर्नु हो । स्याउका बोटलाई निश्चित अवधिसम्म चिसो वातावरण र पर्याप्त चिस्यान आवश्यक पर्ने भए पनि मौसमको असन्तुलनका कारण त्यसको अभाव भएको उनीहरूको भनाइ छ ।

स्याउ खेतीका जानकार तथा पूर्वशिक्षक नरदीप शाहीले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको वर्षा र हिमपातको चक्रमा परिवर्तन आइरहेको बताए उनका अनुसार आधुनिक सिँचाइ प्रविधि, विशेषगरी थोपा सिँचाइ प्रणालीको विस्तार तथा प्रविधिमैत्री खेती प्रणाली अपनाउन नसके आगामी वर्षहरूमा स्याउ उत्पादन थप प्रभावित हुन सक्छ । स्थानीय किसान र कृषि समूहहरूले सिँचाइ पूर्वाधार विस्तार, जलस्रोत संरक्षण तथा प्रभावित किसानलाई राहत उपलब्ध गराउन सरकारसँग माग गरेका छन् । उनीहरूका अनुसार समयमै आवश्यक योजना कार्यान्वयन गर्न सके कालीकोटको प्रमुख नगदे बालीका रूपमा रहेको स्याउ खेतीलाई जोगाउन सकिने विश्वास गरिएको छ ।

भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं ।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

दलित महिलाको अधिकार सुनिश्चित गर्न माग



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ६ साउन

दलित महिला तथा किशोरीमाथि हुने विभेद, हिंसा र सामाजिक बहिष्करण अन्त्य गर्न संयुक्त राष्ट्रसंघको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सीईडएडब्ल्यू) समितिले नेपाललाई दिएका सिफारिस प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवालाले आग्रह गरेका छन् । दलित महिला संघ (फेडो) ले मंगलबार वीरेन्द्रनगरमा आयोजना गरेको 'महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी दलित महिला तथा किशोरीसँग सुझाव संकलन' कार्यक्रममा सहभागीहरूले दलित महिलाको अधिकार सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता औंल्याए । राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका अधिकृत रमेश कुमार थापाले जात, लिङ्ग, गरिबी र सामाजिक-आर्थिक अवस्थाका कारण दलित महिला तथा किशोरी बहुआयामिक विभेदको सिकार भइरहेकाले महासन्धि समितिका सिफारिस कार्यान्वयन अपरिहार्य रहेको बताए । उनले उमेर, जात, अपाङ्गता र सामाजिक-आर्थिक अवस्थाका आधारमा तथ्यांक संकलन, ग्रामीण तथा सीमान्तकृत महिलालाई निःशुल्क कानुनी सहायता तथा दलित महिलाका लागि विशेष संरक्षणका उपाय लागू गर्न समितिले नेपाल सरकारलाई सुझाव दिएको जानकारी दिए । थापाले छाउपडी, बालविवाह, जातीय विभेद, दाइजो, बहुविवाह र बोक्सी आरोपजस्ता हानिकारक अभ्यास अन्त्य गर्न विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए । साथै मनोवैज्ञानिक, प्रविधिमार्फत हुने तथा जलवायु परिवर्तनबाट उत्पन्न हिंसालाई समेत कानुनी रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

सामाजिक विकास मन्त्रालयकी अधिकृत बिना थापाले महिलाले आफ्ना अधिकारबारे सचेत भई आर्थिक रूपमा सशक्त बन्न सके विभेदविरुद्ध प्रभावकारी रूपमा उभिन सक्ने बताइन् ।

दलित महिला संघ सुर्खेतकी अध्यक्ष मञ्जु सुनारले दलित महिलाका अधिकार सम्बन्धी नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै लक्षित वर्गका लागि विनियोजित बजेट पारदर्शी रूपमा खर्च हुनुपर्ने बताइन् उनले दलित महिलाका सवाल राष्ट्रियसँगै अन्तर राष्ट्रिय मञ्चमा पनि निरन्तर उठाइने उल्लेख गर्दै राज्यका सबै तहले समानता र न्याय सुनिश्चित गर्न ठोस कदम चाल्नुपर्नेमा जोड दिइन् ।

सामुदायिक वनको दिगो व्यवस्थापनबारे अन्तरक्रिया

❐ **काँक्रेविहार संवाददाता**
सल्यान, ६ साउन

जिल्लाको छत्रेश्वरी गाउँपालिका-भोटेचौरमा सामुदायिक वनको दिगो संरक्षण, पुनर्स्थापना तथा प्रभावकारी व्यवस्थापनका विषयमा केन्द्रित दुईदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, सल्यान, फरेस्ट एक्सन नेपाल तथा वन प्राविधिकहरूको संयुक्त सहयोगमा आयोजित कार्यक्रममा छत्रेश्वरी गाउँपालिका र शारदा नगरपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, वन प्राविधिक तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सामुदायिक वनको वर्तमान अवस्था, वन पुनर्स्थापनामा देखिएका चुनौती तथा दिगो व्यवस्थापनका सम्भावित उपायबारे विस्तृत छलफल गरिएको थियो ।

सहभागीहरूले वन क्षेत्रमा फैलिएका मिचाहा प्रजाति तथा वनमारा झारको नियन्त्रण, जैविक विविधताको संरक्षण र वैज्ञानिक वन व्यवस्थापनका अभ्यासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा अनुभव आदानप्रदान गरेका थिए ।

छलफलका क्रममा सामुदायिक वन व्यवस्थापन कार्य अघि बढाउनुअघि सम्बन्धित वनको कार्ययोजनाको गहन अध्ययन गरी सोहीअनुसार योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिइयो ।

वनको विगत र वर्तमान अवस्थाको मूल्याङ्कनका आधारमा दीर्घकालीन व्यवस्थापन योजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने सुझाव सहभागीहरूले दिएका थिए ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)